निर्णयहरुः-

१. प्रस्ताव नं १ को सम्वन्धमा छलफल गर्दा देहायानुसार रकमान्तर र शीर्षकान्तर गरी विगु पोलिटेक्निक इन्स्टिच्युटको लागि जम्मा रु. ४५,००,०००/- (पैंतालिस लाख रुपैयाँ) अनुदान दिने निर्णय गरियो। साथै अनुदानको रकम भुक्तानी दिंदा सम्वन्धित निकायसँग अनुदान सम्झौता गरी तोकिएका शर्तको अधीनमा रही भुक्तानी दिने समेत निर्णय गरियो।

| खर्च शीर्षक नं | बजेट शीर्षक | स्रोत | रकम (लाखमा) | रकमान्तर | कैफियत |
|---|---|---|---|---|---|
| ३११३१ | ५०% अनुदानमा किविफल थाक्रा व्यवस्थापन | आन्तरिक | १० | २ | |
| ३११३१ | ५०% अनुदानमा बोयर बोका वितरण | राजस्व बाँडफाँड-सं | १० | ३ | |
| ३११३१ | अध्यक्ष कृषि आधुनिकीकरण कार्यक्रम- ५०% अनुदानमा हाते ट्याक्टर वितरण | समानीकरण अनुदान (१०)- आन्तरिक स्रोत(१५) | २५ | १० | समानीकरण अनुदान |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | राजस्व बाँडफाँड-सं | ५० | ५ | |
| २२५२२ | उपाध्यक्ष युवा रोजगार कार्यक्रम<br>बहुलापोखरी पदमार्ग पर्यटन प्रवर्द्धन (हिल स्टेशन) निर्माण कार्यक्रम | समानीकरण अनुदान (६) आन्तरिक स्रोत (४) | १० | २ | शीर्षकान्तर |
| २२७११ | विविध खर्च | संघीय रा. (३०) — प्रदेश रा. (२०) | ५० | १८ | |
| ३११५९ | सूचना केन्द्र, खोलिखिम | प्रदेश समानीकरण अनुदान | १५ | ५ | |
| विगु पोलिटेक्निक इन्स्टिच्युट सञ्चालनको लागि अनुदान | | | | ४५ | |

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

२. प्रस्ताव नं २ को सम्वन्धमा छलफल गर्दा आ.व. २०७७/७८ को वार्षिक वजेटमा चालु खर्चतर्फ स्रोत नमिलेका शीर्षकहरुको स्रोतान्तर गरी स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) मा प्रविष्ट गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ को सन्दर्भमा विद्यमान कोभिड- १९ रोगको वढ्दो संक्रमणलाई ध्यानमा राख्दै गाउँपालिका क्षेत्रभर देहायानुसारको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

क) सिंगटी वजार क्षेत्रभित्र सञ्चालित पसल व्यावसायहरुमा व्यावसायी र ग्राहक दुवै पक्षले न्यूनतम स्वास्थ्य मापदण्ड (मास्क र सेनिटाइजरको प्रयोग र पसल अगाडी हात धुने सावुन पानीको व्यवस्था) पुरा गरेको हुनुपर्ने

ख) वजार क्षेत्र र वढी भिडभाड हुने क्षेत्रमा मास्क नलगाई वा न्यूनतम सामाजिक दूरी कायम नगरी हिंड्ने, चिया पसल वा अन्य कुनै ठाउँमा विनाकारण लामो समय व्यतित गर्नेहरुलाई लक्षित गरी प्रहरीसँगको सहकार्यमा प्रतीकात्मक र उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने

ग) लक्षण देखिएका विरामीहरु तथा कन्टयाक्ट ट्रेसिङमा परेकाहरुको हकमा स्वाव परीक्षण गराउने तथा अन्यको हकमा उच्च सतर्कता अपनाउने र जनचेतनाको स्तर वढाउने सम्वन्धमा सवैले आ-आफ्नो क्षेत्रवाट योगदान गर्ने

४. प्रस्ताव नं ४ को सम्वन्धमा छलफल गर्दा विगु गाउँपालिकाको स्वास्थ्य शाखा अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई सशर्त अनुदानमा प्राप्त वजेट अनुसार पुरा तलव प्रदान गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ को सम्बन्धमा छलफल गर्दा हाल गाउँपालिकामा सञ्चालित ५ वेडको कोभिड अस्पताललाई कम्तिमा १५ वेडको नियमित सेवा प्रवाह गर्ने अस्पतालको रुपमा रुपान्तरण गर्न आवश्यक सहयोग गरिदिन वागमती प्रदेश सरकारलाई अनुरोध गर्ने

६. प्रस्ताव नं ५ को सम्वन्धमा वडा नं ४ को सामुदायिक भवन लादुक, मान्कोथान अन्तर्गतको रकम सम्वन्धमा विनियोजित रकम रु. १५ लाख सोही वडाको गुम्वा निर्माणमा थप गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ को सम्वन्धमा छलफल गर्दा वडास्तरीय योजनाहरुको लागि देहायानुसार रकमान्तर र शीर्षकान्तर गर्ने निर्णय गरियोः-

| क्र.सं. | योजनाको नाम/वडा नं | रकम | संशोधन | कैफियत |
|---|---|---|---|---|
| ०१ | थानेखर्क जोगीकुटी खानेपानी, वडा नं ५ | ३,००,०००/- | योमखर्क खानेपानीको लागि २,००,०००/- र जोगीकुटी खानेपानीको लागि १,००,०००/- विनियोजन गर्ने | |
| ०२ | ठोप्साङ ग्याविन वाल निर्माण, वडा नं ६ | २,००,०००/- | महिला स्वास्थ्य स्वयम सेविकाको लागि सामाग्री खरिद वाट रू. १,००,०००/- रकमान्तर गरी | |

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| | | | ठोप्साङ ग्यविन वाल निर्माणमा थप गर्ने | |
| ०३ | सिन्दुकी सडक सोलिङ तथा ग्याविन जाली, वडा नं ६ | १०,००,०००/- | विनियोजित रकम मध्ये समानीकरण अनुदान अन्तर्गतको रकमवाट रकमान्तर गरी मागेटार खानेपानी रु. १,००,०००/- सञ्चालन गर्ने | नयाँ योजना |

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३